# गढीमाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## समनपुर, रौतहट
### प्रदेश नं.२, नेपाल

## उखु कृषक दर्ता हुनका लागि दरखास्त आव्हवान सम्बन्धी सार्वजनिक सूचना !

प्रकाशित मिति : २०७७।०४।२०

नेपाल सरकारबाट स्वीकृत "उखु कृषकलाई अनुदान दिने सम्बन्धी कार्यविधि, २०७५ (दोश्रो संशोधन, २०७६ सहित)" को दफा ४ (क) बमोजिम आगामी आर्थिक वर्ष २०७७/०७८ देखि नेपाल सरकारबाट अनुदान प्राप्त गर्न स्थानीय तहमा अनिवार्य दर्ता हुनु भएका उखु कृषकहरुको लगत सम्बन्धित चिनी मिल, जिल्ला स्थित भूक्तानी समिति र कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरवार, काठमाडौंमा पठाउनु पर्ने भएको हुँदा यस गढीमाई नगरपालिका अन्तर्गत उखु उत्पादन गरी *चिनी मिलहरुलाई बिक्री गर्ने सम्पूर्ण कृषकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र देहाय बमोजिमका कागजातहरु संलग्न राखी आ-आफ्नो वडा कार्यालयमा दरखास्त पेश गर्नुहुन सरोकारवाला सम्बन्धित सबैमा जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।* यस गढीमाई नगरपालिकाबाट प्रकाशित भई सम्बन्धित निकायमा पठाइएको उखु कृषकहरुको लगतमा छुट हुन गएका र झुठा विवरण पेश गर्ने कृषकलाई नेपाल सरकारबाट अनुदान उपलब्ध नहुने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

तपशिल :

१. कृषक दर्ता हुनको लागि कृषकको नाम, थर, स्थायी ठेगाना, बैंकको नाम/खाता नम्बर, नागरिकता प्रमाणपत्रको प्रतिलिपि, जग्गा धनी प्रमाणपत्र भए सो को प्रतिलिपि।

२."उखु कृषकलाई अनुदान दिने सम्बन्धी कार्यविधि,२०७५ (दोश्रो संशोधन,२०७६ सहित)" को अनुसूची-१ मा उल्लेखित निम्नानुसारका विवरण सहितको दरखास्त।

(क) उखु खेती गरेको जग्गाको किसिम : आफ्नो/ करारमा लिएको/ आफ्नो जग्गा नभएका र जग्गा करारमा नलिई खेती गरेको।

(ख) उखु खेती गरेको जग्गाको कित्ता नम्बर

(ग) उखु खेती गरेको जग्गाको क्षेत्रफल (विगहा-कट्ठा-धुर)

(घ) कित्ता नम्बर नखुलेको जग्गाको हकमा चारकिल्ला

३. दरखास्त पेश गर्ने अन्तिम मिति २०७७/०४/२७ गतेसम्म कार्यालय समयभित्र।

४/२०

नि.प्रमुख प्रशासकीय अधिकृत

मिति :- २०७७/...../....

श्रीमान् वडा अध्यक्षज्यू,
...... नं. वडा कार्यालय
गढीमाई नगरपालिका समनपुर, रौतहट

**बिषय :- उखु कृषक दर्ता गरिदिने सम्बन्धमा ।**

महोदय !

उपर्यूक्त बिषयमा जिल्ला रौतहट साविक गा.वि.स. ................. वडा नं.- ...... हाल गढीमाई नगरपालिका वडा नं.- ....... मा बस्ने श्री ................................ को छोरा म निवेदक ....................... (सम्पर्क मोवाइल नं.: ............................) ले आ.व. २०७७/०७८ देखि नेपाल सरकारबाट अनुदान प्राप्त गर्नको लागि तहाँ कार्यालयबाट उखु कृषक दर्ता हुन आवेदन पेश गर्ने सम्बन्धी मिति २०७७/०/२४ मा प्रकाशित सार्वजनिक सूचना बमोजिम उखु कृषक दर्ता गरिदिनु हुन तपशिलमा उल्लेखित विवरण र उक्त विवरणलाई पुष्टि गर्ने आवश्यक कागजातहरु सहित श्रीमान् समक्ष यो दरखास्त पत्र पेश गरेको छु । श्रीमान् को जो आदेश !

**तपशिल :**

१. कृषकको किसिम :
(क) आफ्नो जग्गामा खेती गर्ने (कित्ता नं.खुलेको) ( )
(ख) जग्गा करारमा लिई खेती गर्ने ( )
(ग) आफ्नो जग्गा नभएका र जग्गा करारमा नलिई उखु खेती गर्ने ( )

२. उखु खेती गरेको वडा नं. :

३. उखु खेती गरेको जग्गाको विवरण :

| वडा नं. | क्षेत्रफल (विगहा- कठ्ठा- धुर) | कित्ता नं. | कित्ता नं. नखुलेको जग्गाको हकमा चारकिल्ला | कैफियत |
|---|---|---|---|---|
| | | | | |

४. बैंकको विवरण :

| बैंकको नाम | ठेगाना | खाताको किसिम | खाता नं. | कैफियत |
|---|---|---|---|---|
| | | | | |

*नोट : जग्गा करारमा लिई उखु खेती गरेका कृषकहरुको हकमा उखु खेती गरिएको जग्गाको क्षेत्रफल र कित्ता नं. खुलेको करार सम्झौता पत्रको प्रतिलिपि समेत दरखास्त पत्रसाथ समावेश गर्नुपर्ने छ ।*

***माथि उल्लेखित सम्पूर्ण विवरणहरु ठिक साँचो हो, झुठा ठहरे प्रचलित कानून बमोजिम सहुँला, बुझुंला ।***

कार्यालय प्रयोजनको लागि
कृषकको नाम : दर्ता नं............
ठेगाना : गढीमाई न.पा.- ..... कर्मचारीको दस्तखत :
मिति :-

निवेदक
उखु कृषकको नाम, थर :
कृषक कोड नं. :